# लेखनाथ पौड्यालको आध्यात्मिक पर्यावरणवाद

*डा. गोविन्दशरण उपाध्याय*

**सारः**

प्रस्तुत लेख नेपाली साहित्यमा कविशिरोमणि पदवीले सम्मानित कवि लेखनाथ पौड्यालका कृतिको दार्शनिक समीक्षामा आधारित छ । लेखमा कविशिरोमणि पौड्यालका रचनालाई आध्यात्मिक पर्यावरणवादी दृष्टिकोणबाट हेरिएको छ । वेद उपनिषद तथा शास्त्रहरुप्रति आस्था राख्ने कवि पौड्यालले उपर्युक्त आस्थाका आधारमा पर्यावरणवादी विश्वदृष्टिकोणलाई आफ्ना रचनामा कसरी अवलम्बन गरेका छन् भन्ने तथ्यलाई यो लेखले उजागर गर्छ ।

**कुञ्जी शब्दहरु** – आध्यात्मिक पर्यावरणवाद, कविशिरोमणि, पर्यावरण, मानवतावाद, लेखनाथ पौड्याल ।

## १. विषय परिचय

लेखनाथ पौड्याल (विक्रम सं.१९४१-२०२२) नेपाली साहित्यका छन्दोबद्ध कवि तथा नेपाली साहित्यको परिष्कारवादी धाराका थालनीकर्ता थिए । उनलाई आधुनिक युगको जन्मदाता, आध्यात्मिक पुनर्जागरण ल्याउने तथा आध्यात्मिक मानवतावादी कविका रुपमा नेपालमा र वाहिर चिनिन्छ । विक्रम सम्वत् २००८ सालमा पौड्याललाई कविशिरोमणिको उपाधि दिइएको थियो । उनको जन्मस्थल लेखनाथ नगरपालिकाको अर्घौंअर्चले हो । त्यसैले उहाँको सम्मानमा लेखनाथ नगरपालिका पनि स्थापित भएको थियो तर अहिले लेखनाथ नगरपालिका पोखरा महानगरपालिकामा गाभिएको छ ।

उनको औपचारिक शिक्षा नेपाल र बनारस दूई ठाउँमा भएको थियो । उनले वनारसमै रहँदा विभिन्न लेख-रचनाहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित गराएका थिए भने नेपालमा फर्केपछि काठमाडौंमा बसेर आफ्नो रचनात्मक

क्रियाकलापलाई निरन्तरता दिएका थिए। उनले कविशिरोमणिको (वि. सं. २००८) उपाधि राजा त्रिभुवनबाट प्राप्त गरेका थिए । महाकवि लक्ष्मीप्रसाद देबकोटा र नाटककार बालकृष्ण सम उनका मित्र तथा सहयोगी थिए ।

लेखकका अनेकौं अनुवाद, मौलिक रचना तथा सहलेखनहरू मध्ये ऋतु विचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकलि संवाद (१९७६), सत्यस्मृति (२००९), तरूण तपसी (२०१०) आदि ग्रन्थहरूले उनको आध्यात्मिक दार्शनिक चेतनालाई पर्यावरणसँग जोडेको छ । ऋतुविचार र तरूण-तपसीमा उनको आध्यात्मिक-पर्यावरणवाद उत्कर्षमा पुगेको छ। यी दुई कृतिहरूमा उनको आध्यात्मिक चिन्तन पर्यावरणसँग एकाकार भएको छ । नेपालको प्राकृतिक सौन्दर्यले कविलाई पर्यावरणवादी बनाएको कुरा लुकाउन मिल्दैन ।

## २. विषय प्रवेश

वेदहरूले ब्रह्मतत्व र पर्यावरणलाई पर्यायवाचीको रूपमा साक्षात्कार गरेका छन् । चारै वेदहरूको आरम्भमा ऋषिहरूले पर्यावरणको स्तुति गरेका छन् । सन्ध्या वन्दनका वखतमा प्राणायाम गरिन्छ, त्यसमा पनि पर्यावरणकै स्तुतिगान गरिएको छ । त्यतिमात्र नभएर विहान विस्ताराबाट उठेर पृथ्वीमा पाइला टेक्नुभन्दा पहिले पृथ्वीको आराधना गरिन्छ, पर्यावरणसँग क्षमा प्रार्थना गरिन्छ । वैदिक ऋषिहरूले शान्तिपाठका माध्यमबाट पर्यावरणको शान्तिको कामना गर्छन् । साच्चिकै भन्नुपर्दा वेदहरूले जति पर्यावरणको प्रसंसा गरेकाछन् त्यति अन्य वैदिक ग्रन्थमा भेट्न सकिन्न । वेदका यी पर्यावरणीय मन्त्रहरूको छुट्टै संग्रह गर्न सकिन्छ । उदाहरणका लागि अथर्ववेदको पृथ्वीसूक्तलाई लिन सकिन्छ ।

लेखनाथ पौडेल वैदिक दर्शनका विनम्री अनुयायी हुन् । उनका साहित्यहरूले भक्ति, ज्ञान तथा कर्मलाई मानवीय जीवनका लागि उत्तिकै उपयोगी भनेर प्रशंसा गरेको भए तापनि उनको बुद्धि आचार्य शंकरको अद्वैतवाद तथा उपनिषदहरूको ब्रहमवादबाट निकै प्रभावित देखिन्छ भने महर्षि पतञ्जलिको योग र भगवान कपिलको सांख्यदर्शनको पनि तिनमा प्रसस्त प्रभाव छ ।

कवि लेखनाथ पौडेल सनातन धर्म, संस्कृति तथा आचरणका जीवन्त प्रयोगकर्ता हुन् । वेद, उपनिषद तथा शास्त्रहरूप्रति उनको अपूर्व आस्था र विश्वास छ ।

उनी चारपुरुषार्थ तथा धर्मका दशबटा लक्षणले सुसज्जित होस् भन्ने चाहना राख्छन्। लेखनाथ नेपालका रैथाने पण्डितका सन्तान थिए । वाराणसीबाट उनले उत्तरमध्यमासम्मको औपचारिक शिक्षा लिएर नेपाल फर्केका थिए । तर उनको प्रतिभा उनले औपचारिक रूपमा प्राप्त गरेको शिक्षा भन्दा धेरै अगाडी देखिन्छ । आज दुईदर्जन भन्दा बढी विद्वानहरूले लेखनाथको साहित्यमा स्नातकोत्तर र विद्यावारिधि गरिसकेका छन् । प्राडा बासुदेव त्रिपाठी लेखनाथमा विद्यावारिधि गर्ने पहिलो विद्वान् हुन् ।

स्वाभाविक रूपले बनारसको शिवमय सँस्कृतिले उनी प्रभावित भएकै हुन् भने नेपालको शाक्त पद्यतिले पनि उनको चिन्तनमा प्रभाव पारेकै भेटिन्छ । लेख्दा पढ्ने कामलाई अपराध ठानिने नेपालको त्यस काल खण्डमा उनले जे-जस्तो लेख्न सके, त्यो अद्भूत नै थियो । उनले जुन विषयमा कलम चलाएको भए पनि प्राकृतिक-पर्यावरण उनले कहीं पनि विर्सेका छैनन् । तरुण-तपसी उनका दार्शनिक सोचको मौलो नै हो । आध्यात्मिक पर्यावरणवादी चिन्तनको विशिष्टिकरण हो । निश्चय नै लेखनाथ पौड्याल दार्शनिकको साटो कवि नै हुन् । तर अनुसन्धाताहरूले दार्शनिक कविका रूपमा उनको व्यक्तित्वको व्याख्या गर्छन् । समालोचकहरूले ठीक चिनेका हुन् । उनी वैदिक चिन्तनले ओतप्रोत दार्शनिक हुन् । तरउनको चिन्तनधाराको विश्लेष्ण गर्ने हो भने पर्यावरणीय चेतनाले आध्यात्मिक चेतना दवेको छ । उनको लागि चेत पहिला र ब्रह्म, जीवआदि तत्वहरू पछि छन् । उनी केवल परम्परागत दार्शनिक चिन्तन लिएर हिंड्ने व्यक्ति होइनन् । उनले आध्यात्मिक चिन्तनमा नया सिद्धान्त सृजित गरेका छन् । ध्यानस्थ ऋषिले ब्रह्मसंग एकत्वको अनुभूति गर्नुको सट्टा पर्यावरणका रूपमा ईश्वर साक्षात्कार गर्ने लेखनाथ संसारका पहिला सिद्धान्तकार होलान् । उनले आफ्नो यो पर्यावरणको चेतनालाई तरू अर्थात् रुख तपस्वी बनाएर प्रकट गरेका छन् । यिनले ध्यानस्थ ऋषि बनेर पर्यावरणीय महत्वको साक्षात्कार गरेका छन् । तरुणतपसीको बटुवा ऋषि हो जसले पर्यावरणमा विश्वअनुभूत गरेको छ ।

लेखनाथ पौडेलको लेखनशैली नै उनी आध्यात्मिक पर्यावरणवादी भएको जीवन्त प्रमाण हुन् । उनका प्राथमिक लेखनहरू वर्षा-विचार र ऋतुविचार दुवै पर्यावरण मै केन्द्रीत छन् । दुबै लेखनहरूमा वैदिक वैदिक दार्शनिक चिन्तन र नैतिक चेतनाको प्रभाव राइछाई छ। उनले आफूभित्र रहेको वैदिकचिन्तनको उपयोग पर्यावरणीय-महत्व प्रस्तुत प्रयोग गरेका छन् । असलमा, ऋतुविचार होस् वा वर्षा-विचार दूबै कृतिहरूले वैदिक नैतिकताको समाजको सपना देखेका छन् ।

## ३. चिन्तनको समालोचना

लेखनाथ दर्शनको स्रोत उनको आध्यात्मिक चेतना नै हो । लेखनाथ वैदिक संस्कृतिका विनम्र अनुयायी वा धर्मभिरू दार्शनिक हुन् । बूढो दार्शनिकको नौलो हेराइ शब्दले पनि परम्परागत चिन्तनमा नवीनतम दार्शनिक चेतनाकै तथ्य उदगार गरेको छ भने भने केही समालोचकहरूले पूवीय दर्शनको वैचारिक शक्तिसारका रूपमा पहिचान गरे तापनि 'मानवजीवनको समसामयिक सन्दर्भ' भनेर नवीन 'आध्यात्मिक पर्यावरर्ण' सिद्धान्ततिर नै इङ्गित गरेको हुनुपर्छ ।

लेखनाथका समीक्षक प्राडा केशवप्रसाद उपाध्याय 'मानवतावादी जीवनमूल्य' को प्रस्तोताका रुपमा लेखनाथको ब्याख्या गरेका छन् । उपाध्यायले आधुनिक समयमा लेखनाथले औल्याएको 'मानवतावादी जीवन मूल्य' के हो ? भन्ने नखुलाएको भए पनि यो मूल्य 'पर्यावरण' नै हो भन्ने तत्थ्य स्पस्ट बुझिन्छ । मेरो विचारमा, हरेक जीवनधारीका लागि सर्वाधिक महत्वपूर्ण सम्पत्ति 'पर्यावरण'को जीवन्त अभिव्यक्ति नै तरूणतपसी हो ।

## ४. मानववाद र मानवतावाद

आधुनिक विश्वमा मानवतावादको सबैभन्दा बढी कुरा गरिन्छ । तर यस्तो मानवतावाद वास्तवमा मानवतावाद नभएर 'मानववाद'मा सीमित छ । लोभ र व्यक्तिगत स्वार्थका कारण मान्छे अन्धो भएको छ । व्यक्ति केन्द्रीत स्वार्थले प्रकृतिउसको अन्याय बढिरहेको छ । मानवतावादको कुरा गरे पनि ब्यबहारमा 'मानववाद'मा केन्द्रीत छ । लेखनाथले 'आध्यात्मिक मानवतावाद'को स्थापना गरेका छन् । उनको चिन्तन स्पस्ट छ -

प्रकृति सबैकी साझा हुन् । प्रकृतिमा विभेद छैन । वातावारण सबैको साझा हो । यसको सुरक्षा गर्नु सबैको साझा दायित्व हो । आफ्नो व्यक्तिगत स्वार्थका लागि पर्यावरणको प्रयोग गर्नु दानवता हो । पृथ्वीका हरेक जीव पर्यावरणका साझा अंशियार हुन् । एउटा तुच्छ चरो र मान्छेको जीवन यसै पर्यावरणमा आश्रित छ।

## ५. धार्मिक आध्यात्मवाद र धर्मनिरपेक्ष आध्यात्मवाद

आजभोली एउटा वहस चलिरहेको छ - आध्यात्मिक हुन् ु धार्मिकता होइन, नास्तिकहरू पनि आध्यात्मिकहुन् छन यो वहस एकदेववाद र एक पुस्तकवादी अन्धविश्वासबाट उम्कने प्रयत्न हो । वैदिक संस्कृतिमा आध्यात्मिकता र धार्मिकतामा कत्ति पनि फरक छैन । धर्मका दशबाट लक्षणहरू हिन्दूहरूका व्यक्तिगत आचरण होइनन् । यहाँ आध्यात्मिक बन्नका लागि ईश्वर वा कितावमा विश्वास गर्ने बाध्यता छैन । लेखनाथ पौड्यालको 'आध्यात्मिक पर्यावरणवाद' उनको धार्मिकता तथा आध्यात्मिकताको मिश्रित धारणा हो । यस अर्थमा उनी पुनर्जागरणवादी हुन् ।

पश्चिमाहरूले 'पर्यावरणवाद'लाई भौतिकवादी चिन्तनको परिधिमा मात्र बुझ्ने गरेका छन् । यस्तो हुनुमा बाइबलीय पेलाई जिम्मेदार छ । वैदिक, बौद्ध, जैन, किराती, बोन आदि नेपालका रैथाने धार्मिक अनुयायीहरूका लागि 'पर्यावरण' महत्वपूर्ण आध्यात्मिक तत्व हो । खासगरी वैदिकहरूले त हरेक विहान आँखा खोल्ने वित्तिकै पर्यावरणलाई नै धन्यवाद दिन्छन् प्रार्थना गर्छन् । दिनको आरम्भ नै पर्यावरणको प्रार्थना, शान्तिपाठ तथा ध्यानसंग हुन्छ । लेखनाथ यसभन्दा फरक छैनन् ।

लेखनाथको दार्शनिक पर्यावरणवादको आधार अद्वैतवाद हो । ब्रह्म नै विश्वको आदिकारण हो । जीव ब्रहमको अंश तथा स्वयं ब्रहमकै अभिव्यक्ति हो । विश्वको हरेक वस्तुले ब्रह्मको प्रतिनिधित्व गर्छ । रूख, पहाड, वादल, पशु-पंक्षी आदि समस्त विश्वका वस्तुहरू ब्रह्मकै अभिव्यक्ति हुन् । यदि अन्तर्मनले ती वस्तुहरूको आत्मनिरीक्षण गर्ने हो भने आफू र त्यसमा विभेद हुँदैन । ऋतुविचार, बुद्धिविनोद, तरुण-तपसीमा यत्रतत्र प्रकृति र आध्यात्मिकताबीच समन्वय स्थापित गर्न प्रसस्त उपमा तथा उदाहरणहरू छन् । तरुणतपसीको अन्त्यमा बटुवाले वृक्षका रूपमा विश्वरूपको अनुभूति गरेको यसको उदाहण हो ।

## ६. तृष्णा, पैसा र लोभले प्रकृतिबाट अलग पार्छ

लोभ र तृष्णाले मान्छे अन्धो हुन्छ जसले गर्दा प्रकृति र आफूबीच रहेको अनन्तसम्वन्ध बिर्सन्छ । यस्तो विस्मृतिले मान्छे दानव बन्छ र प्रकृतिउपर

अत्याचार गर्न थाल्छ । उसले आफ्नो लोभलाई जीवित राख्न अनेकौं अस्त्रशस्त्रहरूको आविष्कार गर्छ। आफूसरह प्रकृतिमा आश्रित र वातावरण निर्माण गर्ने प्राकृतिक वस्तुहरूमा हस्तक्षेप गरेर आफ्नै अस्तित्व समेत धरापमा परिरहेको छ ।

लेखनाथको साहित्यले भन्छ - यदि अस्तित्वका विषयमा सोच्ने हो भने रूखझैं संसारका हरेक वस्तुको अस्तित्व एकाकी प्राप्त भएको हो। पर्यावरण अनादि तत्व भएकोले स्वयं आफ्नो उत्पत्तिका विषयमा यो बोल्न सक्दैन। प्रकृतिमा अप्रत्यासित रूपमा घट्ने राम्रा र नराम्रा घटनाहरूको साक्षी हुनैपर्छ। पर्यावरणको काम अरूको कल्याण गर्नु भएकोले एउटा तपस्यारत ऋषिझैं समस्त विपदहरू सहन गरेकै हुन्छ ।

प्रकृतिका छ वटा ऋतुहरूका प्रभावहरू मान्छे र पर्यावरण दूबैले समान रूपले सामना गर्नुपर्छ । रुखले सबै प्रकारका प्राकृतिक परिवर्तनहरूलाई सहज रूपमा अङ्गिकार गर्छ। वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त, शिशिर - यी छ बटा ऋतुहरू पर्यावरणका गहना हुन् । कठीन ऋतुहरूका माध्यमबाट रुखरूपी ऋषिले कल्याणकारी शक्ति आर्जन गर्छन् भने सरल ऋतुहरूमा त्यो शक्ति परोपकारमा प्रयोग हुन्छ । यसरी एउटा मुनि र पर्यावरणकाबीच एकात्मकता हुन्छ । रुख पर्यावरण र पर्यावरणको रक्षक दुवै हुन्छ । मान्छेले पनि आध्यात्मिक दृष्टिले आत्मज्ञानका माध्यमबाट यो सम्वन्ध बुझ्न सक्छ । यो बुझ्नका लागि उसले लोभ तथा तृष्णा छोडेर एउटा रूखको आत्मकथा बुझे पुग्छ ।

प्रकृतिमा रहेका हरेक वस्तुसँग जीवन गाँसिएको छ। हिंसा पनि प्रकृतिको एउटा अंग हो तर मान्छेले जानाजान आफ्नो स्वार्थपूर्तिका लागि हिंसा गर्छ । वातावारणमा नकारात्मक असर पार्ने मान्छेका हरेक क्रियाकलाप हिंसा नै हुन् । यो तत्थ्य तटस्थ योगीका रूपमा आफ्नै मनको मनन नगरी बुझ्न सकिन्न । स्वार्थले प्रेरित मान्छेका हरेक क्रियाकलापले प्राकृतिक विश्वमा विपत्ति निम्त्याउँछ । सबैसंग प्रेम गर्नुपर्ने मान्छे स्वाथी हुँदा अरूको मानव-इतरका प्राणीहरूले समेत व्यर्थमा दुख भोग्नुपर्छ। जसरी सूर्यको प्रकाशले विभेद गर्दैन त्यसरी नै पर्यावरणले कसैसंग विभेद गर्दैन । पर्यावरणको लाभ सबैका लागि हुन्छ । समता नै प्रकृति अर्थात् पर्यावरणको पहिलो मन्त्र हो । मान्छे यति स्वार्थी छ कि ‘जगत्धात्रीदेवी प्रकृति जननीमा विषमता’ देख्न थाल्छ। उसले आफ्नो स्वार्थका कारण निम्तिएको विषमता बुझ्न चाहदैन ।

लेखनाथ पौड्यालले एउटा प्राकृतिक तपसीको रूपमा धनि-गरिव, कृषक-(ब्यापारी सबैले अंशियारको हैसियतले पर्यावरणबाट लाभान्वित भैरहेको अनुभूति गर्न चाहन्छन् । जुन दिन पर्यावरणमा वास्तविक समस्या उत्पन्न हुनेछ, त्यसदिन मान्छे त के कुनै पनि प्राणीका लागि यो धर्ती उपयोगी रहने छैन । मान्छे यो संसारको सबैभन्दा ज्ञानी, चतुर सीपालु, उद्योगी र गुरू हो । उसले संसारको प्राकृतिक चक्रलाई सम्मान दिए साँच्चिकै यो पृथ्वी 'अमर-नगरी' बन्न सक्छ । यो धर्ती सबैको साझा हुन्छ । यो धरतीमा सबैको साझा अधिकार छ । एस्तो समानानूभूति केवल आध्यात्मिक चेतनाबाट प्राप्त हुन्छ ।

मान्छेको संचय गर्ने र लाभान्वीत हुन् बानीले प्राकृतिक विश्वलाई सबैभन्दा नोक्सान गरेको छ । संचय गर्ने मान्छेको वानी प्राकृतिक नियम विरुद्ध छ । यसले मान्छे-मान्छेबीच अस्वस्थ्य प्रतियोगिता हुन्छ । झगडा निम्त्याउँछ । प्राकृतिक साधनहरूउपर बलजफ्ती अधिकार जमाउने भावना बलियो हुन्छ ।

भारतीय स्वतन्त्रता आन्दोलन, राणाहरूको एकतन्त्रीय शासन, प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धले दिएको मानव विनाशको घाउँ तरूण-तपसीमा दुखेको छ । अध्यात्मको गहिराइमा दार्शनिकले यो दुख साक्षात्कार गरेका छन् । अस्तित्ववादी चेतना पनि यहा प्रस्फुटित छ तर वैदिक दर्शनको 'सर्वजन हिताय'को पृष्ठभूमिमा त्यो बलियो छैन । उनको बुझाईमा जवसम्म मान्छे आध्यात्मिक दृष्टिकोणले सुसज्जित हुँदैन तवसम्म लोभ तथा तृष्णाको गर्तबाट निस्कन सक्दैन । निर्लोभीपन नै अमृत हो, जसले सबैको लागि साझा विश्वको प्रत्याभूति दिन्छ ।

व्यक्तिगत सुख खोज्ने प्रवृति र पूँजीसंग्रह गर्न पैसाको आविष्कारले मान्छेलाई हदैसम्मको लोभी तथा लालची बनाएको छ । पैसाको आविष्कारले क्षमा, मैत्री, करूणा, प्रणय, शान्ति तथा शुचिता जस्ता सकारात्मक मानवीय गुणहरू ध्वस्त भएका छन् । यसले मान्छेमा आध्यात्मिक चेतनाको कमि आएर जडवादीपन हावी भएको छ । आध्यात्मिक चेतना धमिलिएको छ । आफूले रहेको राम्रो र नराम्रो छुट्याउन सक्ने सुन्दर 'विवेक'लाई समेत लत्याएको छ । पैसाका धेरै गुण होलान् तर यसको सबैभन्दा ठूलो दुर्गुण भनेको समाजमा 'विषमता' उत्पन्न गरेर द्वन्द्व बढाउनु हो । यही पैसा जोड्न मान्छेले आफ्नो प्राकृतिक विश्वको पनि उपेक्षा गरेको छ । आफ्नै पर्यावरणमा अत्याचार गरिरहेको छ ।

लेखनाथ पौड्यालले तरुण(तपसिका रूपमा साक्षत्कार गरेको 'विकासको सूत्र' अरूको भन्दा फरक छ । विकासको सबैभन्दा ठूलो शत्रु भौतिकवादी सोच र

धार्मिकतासंग गासिएका अन्धविश्वास हुन् । व्यक्तिगत सुखलाई सर्वोत्तम सुखमान्ने भौतिकवादी चिन्तनमा आधारित जीवन-प्रणाली र सोचविचार नै नगरी पूजाआजा, जादु टुनामुनाकापछि लाग्ने धार्मिक कायरता नै विकासका सबैभन्दा विरोधी तत्व हुन् । प्रकृतिका हरेक पूजा(आजाका विषय भन्दा पनि आत्मिक-सम्मानर समानानुभुतिका विषय हुनुपर्छ । लेखनाथले तरुण-तपसीको चौध, पन्ध्र र तथा सोह्र अध्यायमा अन्धविश्वास र त्यसबाट सृजित भ्रमको कवितात्मक शैलीमा वर्णन गरेका छन् । यी कविताहरूले अन्ध-विश्वास, भ्रम र आध्यात्मिकताबीचको पार्थक्य बोध गर्छन् । लोभ, लालच, तृष्णाले मान्छेलाई कतिसम्म अन्धो बनाउँछ भन्ने तत्थ्य प्रकट गरेका छन् ।

यसरी, लेखनाथ पौड्यालको दार्शनिक चेतना आध्यात्मको गहिराइबाट प्रकट हुन्छ र रुखका रूपमा आत्मालाई विस्तारित गरेर पर्यावरणका रूपमा प्रकट हुन्छ । यसले प्राचीन वैदिक दार्शनिक दृष्टिकोणलाई आधुनिक पर्यावरणवादी चेतनाका रूपमा ब्याख्या गरेको छ । यसको स्रोत अद्वैतवादमा छ । यसको आत्मा वैदिक मूल्य तथा मान्यतामा रुल्मुलिएको छ । लेखनाथले विश्वका लागि 'आध्यात्मिक पर्यावरणवाद'को वैदिक मोडेल प्रस्तुत गरेका छन् । पर्यावरणको दार्शनिक पक्षमा लेखनाथकको चिन्तन अद्वितीय छ । आध्यात्मिकतासंग जोडेर पर्यावरणसंग एकात्मकता स्थापित गर्नु र त्यसो गर्न मानिसलाई प्रेरणा दिनु यस दार्शनिक चिन्तनको मौलिकता हो ।

प्रसिद्ध नोवेल पुरस्कार विजेता बेन्गारी मेथाईले २००४ मा भनेका थिए, 'तपाईंको अन्तरात्माले पर्यावरणलाई पवित्र वस्तुको रूपमा स्वीकार नगर्ला तर हाम्रो जीवन पानी, हावा, आकाश, ऋतुहरूमा टिकेको छ । त्यसैले हाम्रो अस्तित्व सुनिश्चित भएको छ । यस आधारमा हामीले प्रकृतिलाई सम्मान गर्नैपर्छ । जव कुनै बस्तु सम्मानित हुन् छन् ती स्वयं आदरणीय हुन्छन् । विनाश गर्नु आफैलाई हत्या गर्नु सरह हुन्छ ।' यही कुरा लेखनाथ पौड्यालले वि. स.२०१३ मा उद्घोष गरिसकेका थिए ।

अन्त्यमा, लेखनाथ पौड्यालको जन्म सौभाग्यले नेपालमा भए तर उनी हामी सबैका साझा सम्पत्ति हुन् । हाम्रो भारत वर्षमा जन्मिए । आफ्नै सेरोफेरोमा उभिएर वैदिक चिन्तनको नवीन ब्याख्या गर्दै 'आध्यात्मिक पर्यावरणवाद'को उदात्त सिद्धान्त जन्माए । लेखनाथीय पर्यावरण दर्शनले कमसेकम पांचवटा दार्शनिक तत्थ्यतिर मानवीय चेतनालाई आकर्षित गरेको छः

(१) पर्यावरण आध्यात्मिक सत्ता हो रयसको सुरक्षामा हरेक व्यक्तिको आत्मिकतहले लाग्नुपर्छ ।

(२) पर्यावरणको वास्तविक अस्तित्व छ । पृथ्वीका हरेक प्राणी र वनस्पति जगतको अस्तित्व पर्यावरणमा निर्भर छ ।

(३) पर्यावरण सबैको साझा हो । पृथ्वीका हरेक प्राणीको साझा हो । मान्छे होस् वा अन्य प्राणी अथवा बनस्पति नै पर्यावरणीय अंगका रूपमा यसमा साझा तथा मौलिक अधिकार प्राप्त छ । तथापी पर्यावरणको सुरक्षा गर्ने जिम्मा मान्छेलाई बढी छ ।

(४) यस्तो साझापनको साझेदारीका लागि आध्यात्मिक चेतना हुनुपर्छ । हरेक प्राणी, वनस्पति तथा विश्वका वस्तुहरूमा आत्मतत्वको उपस्थिति रहेको बैदिक मान्यता आत्मसात गर्नु नै आध्यात्मिक चेतना हो ।

(५) यस्तो साझापन मानवता हो जुन दया, माया, प्रेम, क्षमाआदिका माध्यमबाट प्राप्त हुन्छ ।

अन्त्यमा, प्राकृतिक वस्तुहरूको अधिकार केवल मान्छेमा हुन्छ भन्ने सोचमा परिवर्तन हुनुपर्छ । साझाको अर्थ ‘प्राणीमात्र’को साझा भनेर बुझ्नुपर्छ । यसरी लेखनाथीय चेतनाको विनम्रतापूर्वक अनुसरण गर्ने हो भने अहिलेको प्रतिस्पर्धी विश्वले एउटा साझा-विश्वको निर्माण गर्न सक्नेछ । लोभ, तृष्णाका कारण प्राकृतिक साधनहरूको लुछाचुँडी गर्दा पर्यावरणमा पुगिरहेको क्षति क्रमशः न्यून गर्न सकिन्छ । कसैले पनि आत्मभूत प्रकृतिलाई हानी पुर्याउने कल्पना समेत गर्ने छैन ।

## सन्दर्भ सामग्रीको सूची

उपाध्याय, केशवप्रसाद । (वि.सं. २०५०) । विचार र व्याख्या । काठमाडौं स साझा प्रकाशन ।
उपाध्याय, केशवप्रसाद । (वि.सं. २०५९) । मन्थन । काठमाडौंः साझा प्रकाशन।
उपाध्याय, गोविन्दशरण । (सन् १९९७) । समकालीन नेपाली चिन्तन तथा लक्ष्मीप्रसाद देवकोटा तथा बालकृष्ण समको दार्शनिक चिन्तन । आगरा, भारतः आगरा विश्वविद्यालय ।
उपाध्याय, गोविन्दशरण । (वि.सं. २०६६) । आर्य दर्शन । काठमाडौंः विद्यार्थी पब्लिकेशन ।
त्रिपाठी, वासुदेव । (वि.सं. २०३४) । लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन । काठमाडौं
पौड्याल, लेखनाथ । (वि.सं. २०६२) । ऋतुविचार (बाइसौ संस्करण) । काठमाडौंः साझा प्रकाशन ।
पौड्याल, लेखनाथ । (वि.सं. २०७१) । तरुणतपसी (तेह्रौ संस्करण) । काठमाडौंः साझा प्रकाशन
भुसाल, वेदुराम । (वि.सं. २०६८) । नेपालमा प्रचलित दार्शनिक चिन्तनहरु । काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।
रिसाल, पारसमणि । (वि.सं. २०५८) । नेपाली काव्य र कवि (पाँचौ संस्करण) । काठमाडौंः साझा प्रकाशन ।
सिन्हा, हरेन्द्रप्रसाद । (सन् १९८३) । भारतीय दर्शनकी रुपरेखा । दिल्लीः मोतीलाल वनारसीदास ।
Chhandgya Upanidhad. (2011). Gorakhpur: Gita Press. http://www.huffingtonpost.com/wangari-maathai/spiritual-environmentalis_b_762801.html

........................................................................................

लेखक मनोविज्ञान तथा दर्शन विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ । ईमेलः gsu300@gmail.com